श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृष्णनगर भंसार कार्यालय अन्तरगत मिल्मी छोटी भंसार कार्यालय भवन निर्माणको लागि लुम्बिनी अञ्चल, कपिलवस्तु जिल्ला, साविक मिल्मी गाउँ पञ्चायत अन्तरगत वडा नं. ३ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व मिल्मी गाउँबाट नेपाल भारत सीमा (१० गजा) तर्फ निस्कने मुख्य सडक, पश्चिम कित्ता नं. ४५१, ४५२, ४५३, ४५५ र ४५६ को जग्गा (खेत), उत्तर मिल्मी गाउँको दक्षिणतर्फबाट मुख्य सडकमा मिलान हुन जाने तेर्सो बाटो, दक्षिण कि.नं. ४५८ को जग्गा (खेत) यति ४ किल्लाभित्रको कि. नं. ४५७ को जग्गा ०–२–१४ (दुई कट्ठा चौध धुर) को मालपोत रू. ६।७९ (छ रूपैयाँ उनासी पैसा) लागेको पूरै कित्ता ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

92C